सन् 2024 जुन No.66

JKK टोकियो सञ्चारपत्र
ジョイ・リブ
JoyLiv

JKK東京
ひとと、くらしをあったかく。

[जारीकर्ता] Tokyo Metropolitan Housing Supply Corporation; Public Housing Division; Public Housing Management Section
(टोकियो महानगर आवास आपूर्ति निगम; सार्वजनिक आवास परियोजना डिभिजन; निगम व्यवस्थापन फाँट)
〒150-8543 Tokiyo-to Shibuya-ku Shibuya 1-15-15 Teras Shibuya Mitake

विषयसूची

- आर्थिक वर्ष 2024; सार्वजनिक भाडाका आवास योजनाबद्ध रिफर्म कार्यान्वयन तालिका सूची ··· 1
- नयाँ स्थानीय सामुदायिक गतिविधि समूह गठन गर्ने योजना भएका महानुभावहरू समक्ष ··· 4
- JKK स्माइल एसिस्टेन्टको पहल बारेमा ··· 5
- मध्य गर्मीयामलाई लक्षित गरेर एयर-कन्डिशनरलाई तयारी हालतमा ··· 6
- अबबाट एयर-कन्डिशनर खरिद गर्ने योजनामा रहनु भएका महानुभाव समक्ष ··· 6
- आवासीय अग्नि-नियन्त्रण यन्त्र प्रति गर्नुपर्ने व्यवहार बारेमा ··· 7
- बैङ्क ट्रान्सफर सम्बन्धी जानकारी ··· 7
- आवेदन/ सूचना दाखिला सम्बन्धी जानकारी ··· 8
- यान्त्रिक पद्धतिको पार्किङ स्थल उपयोग बारे ··· 9
- साझा प्यासेज/ सिंढी/ बल्कोनीको प्रयोग विधि बारे ··· 10
- JKK टोकियोमा भाडामा बस्नलाई सपोर्ट सम्बन्धी परिचय ··· 11
- JKK द्वारा प्रेषित सूचना "जोइ-लिभ" को विदेशी भाषा संस्करणलाई इन्टरनेटमा हेर्न सकिन्छ ··· 12
- "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)" को टेलिफोन नम्बर ··· 12
- JKK टोकियो आधिकारिक Instagram को परिचय ··· 12

आर्थिक वर्ष 2024; सार्वजनिक भाडाका आवास योजनाबद्ध रिफर्म कार्यान्वयन तालिका सूची

निर्माण-कार्य थालनी गर्ने बेलामा, बसोबास गर्ने सबैलाई अग्रिम सूचना दिइनेछ।

कार्य सञ्चालन सम्बन्धमा अनुरोध

योजनाबद्ध रिफर्म गर्ने क्रममा, आवास भित्रको सम्बन्धित ठाउँमा प्रवेश गरेर निर्माण-कार्य गर्नु पर्ने हुन्छ।
निर्माण-कार्य अवधिभर, कुनैपनि तवरले यहाँहरूमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौं। साथै, यहाँहरूको समझदारीको लागि अनुरोध गर्दछौं।
पुनश्च, अनुकूलता अनुसार निर्माण-कार्य स्थगित गर्नुपर्ने पनि हुनसक्छ तसर्थ अग्रिम रूपमा बुझी दिनुहुन आग्रह गर्दछौं।
साथै, सूचीमा उल्लेख गरिएको निर्माण-कार्यहरू बाहेक पनि, क्षयको अवस्था आदिका अनुसार निर्माण-कार्यहरू गर्नुपर्ने अवस्था हुनसक्छ।

*योजित भवन नम्बर उल्लेख नभएको भवनका हकमा, बाहिरी संरचनात्मक भाग लक्षित निर्माण-कार्यको योजना रहेको हुन्छ।

निर्माण-कार्यको शीर्षक / निर्माण-कार्यको विषयवस्तु	आवासको नाम / योजित भवन नम्बर			
छत वाटर-प्रूफिङ छतको वाटर-प्रूफ तहलाई नवीनीकरण गरिने छ।	Kosha Heim Takadanobaba	1 ~ 3	Kosha Heim Minami Kamata	1 ~ 3
	Kosha Heim Kameido 7-chome	1	Kosha Heim Nakamura Kita	1
बाहिरी भित्ता रङ्ग-रोगन भवनको बाहिरी भित्ता एवम् सिंढी जस्ता साझा ठाउँमा प्राथमिक उपचारात्मक कार्य गरेर मात्र रङ्ग-रोगन गरिने छ।	Kosha Heim Takadanobaba	1 ~ 3	Kosha Heim Nakamura Kita	1
	Kosha Heim Kameido 7-chome	1	Senjyu Azuma-cho Jyutaku	1, 2
	Kosha Heim Minami Kamata	1 ~ 3	Horie Jyutaku	1, 2, 3, 5
फलामे भागको रङ्ग-रोगन ढोका, पाइप, साइकल पार्किङहरूको फलामले बनेको भागहरू क्षय हुनबाट जोगाउन रङ्ग-रोगन गरिने छ।	Kosha Heim Takadanobaba	1 ~ 3	Kosha Heim Nakamura Kita	1
	Kosha Heim Kameido 7-chome	1	Senjyu Azuma-cho Jyutaku	1, 2
	Kosha Heim Minami Kamata	1 ~ 3	Horie Jyutaku	1, 2, 3, 5
झ्यालको चौकोस नवीनीकरण झ्यालको खापा प्रतिस्थापन गरिने छ।	Senjyu Azuma-cho Jyutaku	1, 2	Horie Jyutaku	1, 2, 3, 5
सडक नवीनीकरण आवास-क्षेत्र भित्र हिंड्ने बाटो एवम् साडकको खोल्साहरू सम्भार गरिने छ।	Kosha Heim Minami Osawa Dai-ni	—	Tomin Heim Minami Osawa Higashi	—
परिसरको सुव्यवस्था आवास-क्षेत्र परिसर भित्रका भूभागलाई पुन: सुव्यवस्थित पारिने छ।	Kosha Heim Minami Osawa Dai-ni	—		
क्रीडा सुविधा स्थलको नवीनीकरण आवास-क्षेत्र भित्र अवस्थित पार्कलाई पुन: सुव्यवस्थित पारिने छ।	Kosha Heim Minami Osawa Dai-ni	—	Yamato Shiba-naka Jyutaku	—
	Tomin Heim Minami Osawa Higashi	—	Tama New Town Ochiai 3-chome	—
	Fussa Kami-daira Jyutaku	—		
विशाल रूखहरू छाँटकाँट विशाल रूखहरूलाई छाँटकाँट गरिने छ।	Kosha Heim Sengoku	—	Kosha Heim Taishido	—
	Tomin Heim Nishi Gotanda 4-chome	—	Tomin Heim Minami-dai 3-chome	—
	Kosha Heim Naka Ikegami	—	Kami-shakujii Jyutaku	—
	Kosha Heim Mishuku Teras	—	Kosha Heim Hikarigaoka Dai-ichi	—

निर्माण-कार्यको शीर्षक / निर्माण-कार्यको विषयवस्तु	आवासको नाम / योजित भवन नम्बर			
विशाल रुखहरु छाँटकाँट विशाल रुखहरुलाई छाँटकाँट गरिने छ।	Tama New Town Matsugaya	—	Tomin Heim Koganei Nakamachi	—
	Matsueda Jyutaku	—	Tanashi Nishihara Jyutaku	—
	Kosha Heim Hachioji Midori-cho	—	Kiyose Daita Jyutaku	—
	Takegasaka Jyutaku	—	Kosha Heim Kiyose Daita	—
	Morino Jyutaku	—	Tama New Town Ochiai	—
	Hommachida Jyutaku	—	Higashi Terakata Jyutaku	—
	Sakaigawa Jyutaku	—	Tama New Town Ochiai 3-chome	—
बार (पर्खाल) नवीनीकरण आवास-क्षेत्रको बाहिरी परिधिहरूमा अवस्थित बार नवीनीकरण गरिने छ।	Machida Kiso Jyutaku	—		
पानी आपूर्ति पम्प नवीनीकरण पानी आपूर्ति गर्ने पम्पलाई प्रतिस्थापन अथवा नवीनीकरण गरिने छ।	Kiyose Daita Jyutaku	—		
घर भित्रको निकासी पाइप नवीनीकरण घर भित्रको निकासी पाइपलाई नवीनीकरण गरिने छ।	Senjyu Azuma-cho Jyutaku	1, 2	Tama New Town Atago Dai-ichi	1, 2
	Kosha Heim Minami Kasai 5-chome	5, 6		
पानीको चाप बढाउन जडित पम्प नवीनीकरण पानीको चाप बढाउने पम्पलाई नवीनीकरण गरिने छ।	Kosha Heim Takadanobaba	—	Kosha Heim Fujimi-dai	—
	Kosha Heim kohinata	—	Kosha Heim Komagome	—
	Kosha Heim Minamisuna Ekimae	—	Kosha Heim Chihaya	—
	Kosha Heim Oimachi	—	Nakadai-cho Jyutaku	—
	Kosha Heim Minami Kamata	—	Tomin Heim Kahei 1-chome	—
	Gotokuji Jyutaku	—	Higashi Kasai Dai-ni Jyutaku	—
	Minami Karasu-yama 3-chome Jyutaku	—	Tama New Town Atago Dai-ni	—
	Tomin Heim Miyasaka 2-chome	—		
अग्नि-नियन्त्रण यन्त्र प्रतिस्थापन आवास-गृह भित्रको अग्नि-नियन्त्रण यन्त्र प्रतिस्थापन गरिने छ।	Tomin Heim Kaigan 3-chome	1	Kosha Heim Sasazuka	1
	Honmura-cho Jyutaku	1 ~ 3	Kosha Heim Kami-saginomiya	1, 2
	Kosha Heim Takadanobaba	1 ~ 3	Kosha Heim Nakano Front	1
	Kosha Heim Higashi Shinjyuku	1	Ekoda Jyutaku	1 ~ 11, 13, 14
	Tomin Heim Yakuoji	1	Kosha Heim Honan-cho Garden Court	1, 2
	Kosha Heim Sengoku	1, 2	Horifune Jyutaku	1, 2
	Kosha Heim Shirahige Higashi	1	Kosha Heim Mukaihara	5, 6
	Tomin Heim Shiohama 2-chome Dai-ni	1	Shingashi 1-chome	4
	Tomin Heim Toyo 6-chome	1	Nishidai Jyutaku	5
	Shiohama Jyutaku	1	Maeno-cho Dai-ni Jyutaku	1
	Nishi Oshima Jyutaku	8, 9	Nakadai-cho Jyutaku	1 ~ 10
	Minami Suna 7-chome Jyutaku	18	Kosha Heim Kotake-cho	1, 2
	Kosha Heim Yashio-nishi	16	Tomin Heim Nerima Hikawadai	1
	Kosha Heim Yashio-minami	47	Tomin Heim Kahei 1-chome	1
	Kosha Heim Yashio-kita	7	Aoi 5-chome Jyutaku	1
	Tomin Heim Nishi Gotanda 4-chome	1, 2	Senjyu Azuma-cho Jyutaku	1, 2
	Tomin Heim Higashi Shinagawa 3-chome Dai-ichi	1	Tomin Heim Minami Shinozaki-machi 5-chome	1
	Tomin Heim Minami Oi 5-chome	1	Ukita Dai-ichi Jyutaku	1 ~ 3
	Kosha Heim Nishi Magome	1	Harue-cho Jyutaku	1 ~ 3
	Kosha Heim Omori Higashi	4, 5	Harue-cho Tsubaki Jyutaku	1, 2
	Kosha Heim Naka Ikegami	1	Shinden Jyutaku	1 ~ 3
	Tomin Heim Kugahara 5-chome	1	Higashi Kasai Dai-ichi Jyutaku	1
	Tomin Heim Minami Rokugou 2-chome	1, 2	Horie Jyutaku	1 ~ 8
	Kosha Heim Roka Kouen	1 ~ 3	Kosha Heim Shimoyugi 3-chome	1 ~ 5
	Kosha Heim Kugayama	D, E	Kosha Heim Minami Osawa 5-chome	1 ~ 11
	Kosha Heim Kyodo	1 ~ 4	Tomin Heim Kamiyugi	1 ~ 9
	Kosha Heim Mishuku Teras	1	Tomin Heim Minami Osawa Nishi	1 ~ 4
	Kosha Heim Chitose Karasu-yama	5 ~ 8, 11	Tomin Heim Minami Osawa Higashi	1 ~ 4
	Tomin Heim Miyasaka 2-chome	1	Tamagawa Jyutaku	イ-1 ~ イ-15, ロ-1 ~ ロ-15
	Okura Jyutaku	18 ~ 23, 27 ~ 30		

निर्माण-कार्यको शीर्षक / निर्माण-कार्यको विषयवस्तु	आवासको नाम / योजित भवन नम्बर			
अग्नि-नियन्त्रण यन्त्र प्रतिस्थापन आवास-र्गह भित्रको अग्नि-नियन्त्रण यन्त्र प्रतिस्थापन गरिने छ।	Morino Jyutaku	1 ~ 11	Tomin Heim Onta-cho	1
	Koganei Nukui Jyutaku	1 ~ 4, 6 ~ 9	Hirao Jyutaku	1 ~ 41
	Koganei Hon-cho Jyutaku	5-1 ~ 5-4, 6-1 ~ 6-6, 8-1 ~ 8-5		
एयर-कन्डिशनर उपकरण नवीनीकरण निगमले सेट गरेको आवास-र्गह भित्रको एयर-कन्डिशनर प्रतिस्थापन गरिने छ।	Tomin Heim Daiba Sanbangai	3	Senta Machiya	1
	Tomin Heim Daiba Gobangai	4, 7	Kosha Heim Kotake-cho	3, 4
	Tomin Tower Daiba Sanbangai	2		
कोठा भित्रको विद्युतीय उपकरणहरू नवीनीकरण आवास-र्गह भित्रको केही विद्युतीय उपकरणहरूलाई नवीनीकरण गरिने छ।	Echu-jima Jyutaku	27	Kurume-nishi Jyutaku	30 ~ 41
	Minami Suna 7-chome Jyutaku	18		
साझा बत्ती नवीनीकरण सिँढी, प्यासेज जस्ता साझा ठाउँका बत्तीहरूलाई LED बत्तीले प्रतिस्थापन गरिने छ।	Kosha Tower Tsukuda	1	Senjyu Azuma-cho Jyutaku	1, 2
	Kosha Heim Higashi Shinjyuku	1	Kosha Heim Kita Senjyu	1
	Kosha Heim Shirahige Higashi	1	Ukita Dai-ichi Jyutaku	1 ~ 3
	Kosha Heim Nishi Magome	1	Kasumidai Dai-ichi, Dai-ni Jyutaku	1 ~ 23
	Kosha Heim Naka Ikegami	1	Kosha Heim Musashioka	1
	Kosha Heim Kyodo	1 ~ 4	Kosha Heim Hino Osakaue	1, 2
	Kosha Heim Roka Kouen	4	Yamato Shiba-naka Jyutaku	イ-1 ~ イ-23
	Kosha Heim Kami-saginomiya	1, 2	Yamato Kamikitadai Jyutaku	1 ~ 20
	Kosha Heim Suginami Wada	1	Tama New Town Atago Dai-ichi	1, 2
	Kosha Heim Sakashita	A ~ H	Tama New Town Atago Dai-ni	1
	Kosha Heim Kotake-cho	1 ~ 4		
बाहिरी बत्तीहरू नवीनीकरण बाहिरी बत्तीहरूलाई LED बत्तीले प्रतिस्थापन गरिने छ।	Kosha Tower Tsukuda	—	Senjyu Azuma-cho Jyutaku	—
	Kosha Heim Higashi Shinjyuku	—	Kosha Heim Kita Senjyu	—
	Kosha Heim Shirahige Higashi	—	Ukita Dai-ichi Jyutaku	—
	Kosha Heim Nishi Magome	—	Kasumidai Dai-ichi, Dai-ni Jyutaku	—
	Kosha Heim Naka Ikegami	—	Kosha Heim Musashioka	—
	Kosha Heim Roka Kouen	—	Kosha Heim Hino Osakaue	—
	Kosha Heim Kami-saginomiya	—	Yamato Shiba-naka Jyutaku	—
	Kosha Heim Suginami Wada	—	Yamato Kamikitadai Jyutaku	—
	Kosha Heim Sakashita	—	Tama New Town Atago Dai-ichi	—
	Kosha Heim Kotake-cho	—	Tama New Town Atago Dai-ni	—
पार्किङ स्थलको बत्ती नवीनीकरण पार्किङ स्थलको बत्तीहरूलाई LED बत्तीले प्रतिस्थापन गरिने छ।	Kosha Heim Higashi Shinjyuku	—	Kosha Heim Kita Senjyu	—
	Kosha Heim Shirahige Higashi	—	Ukita Dai-ichi Jyutaku	—
	Kosha Heim Nishi Magome	—	Kasumidai Dai-ichi, Dai-ni Jyutaku	—
	Kosha Heim Naka Ikegami	—	Kosha Heim Musashioka	—
	Kosha Heim Roka Kouen	—	Yamato Shiba-naka Jyutaku	—
	Kosha Heim Kami-saginomiya	—	Yamato Kamikitadai Jyutaku	—
	Kosha Heim Suginami Wada	—	Tama New Town Atago Dai-ichi	—
	Kosha Heim Kotake-cho	—	Tama New Town Atago Dai-ni	—
टिभी साझा उपकरण नवीनीकरण टिभी हेर्न आवश्यक साझा उपकरणहरूको नवीनीकरण गरिने छ।	Umezono 3-chome Jyutaku	1, 2	Kosha Heim Kamikitadai	1
इन्टरफोन नवीनीकरण मनिटर सहितको इन्टरफोनमा नवीनीकरण गरिने छ।	Tomin Tower Daiba Ichibangai	2	Tomin Heim Shiohama 2-chome Dai-ni	1
	Kosha Heim Takadanobaba	1 ~ 3	Kosha Heim Shimoyugi 3-chome	1 ~ 3
तलमाथि गर्ने यन्त्र नवीनीकरण एलिभेटरलाई नवीनीकरण गरिने छ।	Kosha Heim Midori 4-chome	1		
स्वचालित आगलागी सूचक यन्त्र नवीनीकरण स्वचालित आगलागी सूचक यन्त्र नवीनीकरण गरिने छ।	Tomin Tower Daiba Ichibangai	2	Kosha Heim Shimoyugi 3-chome	1 ~ 3
	Tomin Heim Shiohama 2-chome Dai-ni	1		

नयाँ स्थानीय सामुदायिक गतिविधि समूह गठन गर्ने योजना भएका महानुभावहरू समक्ष

यस निगमले स्थानीय सामुदायिक गतिविधिहरूको गठनलाई समर्थन गरिरहेको छ। यस आर्थिक वर्षबाट प्रयोग गर्न सजिलो हुने तवरले प्रणाली बदलिएको छ। अवश्य पनि यस अवसरमा दर्ता गर्ने सोच बनाउनुहोला।

स्थानीय सामुदायिक गतिविधि समर्थन परियोजना; दर्ता गर्दाका फाइदा

- कम्युनिटि सलोन प्रयोग गर्ने 2 महिना अगाडिदेखि बुकिङ गर्न मिल्छ।
- गतिविधि सञ्चालन गर्नको लागि खरिद गरिएका साजसामानहरूको वास्तविक लागतलाई एक पटक मात्रै अनुदान सहयोग गर्छ। (अधिकतम 30,000 येन)

स्थानीय सामुदायिक गतिविधि समर्थन परियोजनाको रूपरेखा

आवश्यक व्यक्ति सङ्ख्या

समूह दर्ता गर्न आवश्यक व्यक्ति सङ्ख्या, 10 जना ~

अनुदान रकम वितरण

समूह अनुमोदित हुने बित्तिकै गतिविधि अनुदान रकम वितरण

अनुदानको दायरमा पर्ने सामान

अनुदान रकमले Darts या Boccia जस्ता लोकप्रिय खेलकुदका साजसामान खरिद गर्न मिल्ने

स्थानीय सामुदायिक गतिविधि गर्ने समूह दर्ता निमित्तका आवश्यक सर्तहरू

सार्वजनिक आवासमा बस्ने महानुभावहरू सदस्य भएको समूह हुनुपर्ने छ र, अनुमोदनको लागि ① अथवा ② मध्ये कुनै एक सर्तसँग मेल खाएको हुनुपर्ने छ।

सर्त नं. ①

- प्रशासनहरूबाट अनुदान प्राप्त गरिरहेका जस्ता गतिविधिको आधार स्थापित भइसकेको समूह

or

सर्त नं. ② *निम्न शीर्षकहरू सबैमा मेल खाने समूह

- समूहमा दर्ता भएका व्यक्तिको सङ्ख्या 10 जना वा सोभन्दा बढि भएको समूह
- समूह दर्ता गर्ने व्यक्तिहरूको बहुमत सङ्ख्या उक्त आवासको बसोबासी भएको
- प्रमुख प्रतिनिधि बाहेक अन्य 2 जना वा सोभन्दा बढि पदाधिकारी निर्वाचित भएको र त्यस मध्ये 1 जना वा सोभन्दा बढि पदाधिकारी उक्त आवासको बसोबासी भएको

आवश्यक कागजात

निम्न कागजातमा आवश्यक बुँदाहरू भरी, खान्-रि जिमुस्यो (व्यवस्थापन कार्यालय)मा पेस गर्नुहोस्।

- समूह दर्ता एवम् गतिविधि समर्थन आवेदनपत्र ★
- सञ्चालन नियमावली पुष्टि पत्र ★
- समूहको बजेट पत्र
- समूहको सदस्यहरूको नामावली पत्र (कार्यकारिणी एवम् पदाधिकारीहरूको नाम उल्लिखित भएको)

★यस निगमले तोकेको ढाँचा फाराम



सोधपुछ

P.12 JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)को टेलिफोन नम्बर ①मा सम्पर्क गर्नुहोस्।

JKK स्माइल एसिस्टेन्टको पहल बारेमा

JKK स्माइल एसिस्टेन्टले सामुदायिक या कल्याणकारी सहयोगका सम्बन्धमा, ग्राहकहरूको प्रतिक्रियालाई प्रत्यक्ष आत्मसाथ गरेर, लोकल सरकार या कल्याणकारी समूहहरूलाई लबिङ गरी, द्विपक्षीय आवश्यकताहरू जोडेर, ग्राहकहरू या स्थानीय सामुदायिक गतिविधिहरूलाई समर्थन गर्ने गरिरहेका छ।

“JKK स्माइल एसिस्टेन्ट” द्वारा आवास-क्षेत्रको समुदायमा पुनः क्रियाशीलता जार्गत



<पहलका दृष्टान्तहरू>

दृष्टान्त 1
इताबासि-कु सँग समन्वय
“10 थरी मसल्स ट्रेनिङ”

इताबासि-कु सँगको समन्वयमा, JKK आवासको कम्युनिटि सलोन (भेला स्थल) उपयोग गरेर, जेष्ठ नागरिक लक्षित मसल्स ट्रेनिङ सञ्चालन गर्यौं।

दृष्टान्त 2
विश्वविद्यालयका विद्यार्थीहरूसँग सहआयोजना
“स्मार्टफोन प्रयोगविधि सम्बन्धी परामर्श भेला”

JKK आवासमा बस्ने विद्यार्थी तथा जेष्ठ नागरिकले स्मार्टफोन सम्बन्धी समस्याहरू सँगै बसेर सोच्न मिल्ने, अन्तरक्रियाको अवसर सर्जना गर्यौं।

मध्य गर्मीयामलाई लक्षित गरेर एयर-कन्डिशनरलाई तयारी हालतमा !

अबको समयमा लू लाग्नबाट बच्नका लागि उपयुक्त रूपमा एयर-कन्डिशनर उपयोग गर्ने कार्यलाई छुटाउन मिल्दैन। तसर्थ, चल्छ कि चल्दैन अहिले नै ट्राइ गरी हालौँ। लामो समय प्रयोग नगरेको एयर-कन्डिशनर चलाउँदा, बिग्रिएर तुरुन्त नचल्ने, धूलै-धूलो हुने, दुर्गन्ध आउने जस्ता खराबीहरू उत्पन्न हुन सक्छन्।

ग्रीष्मयामको गर्मी समयमा आरामसँग बस्न सकिने गरी, मध्य गर्मी आउनु अघि नै, ट्राइ गर्ने या एयर-कन्डिशनरको फिल्टर सरसफाइ गर्न सिफारिस गरिन्छ। ट्राइ गरी हेर्दा, यस निगमले जडान गरेको एयर-कन्डिशनरमा केही खराबी रहेछ भने, सक्दो चाँडो हामीलाई सम्पर्क गर्नुहुन अनुरोध छ।

ट्राइ गरी हेर्ने विधिको उदाहरण

1. पावर-प्लगलाई कन्सेन्टमा घुसाउने। (लामो समय घुसाइराखेको हो भने, एक पटक थुतेर धूलो झारौँ)
2. रिमोट-कन्ट्रोलको ब्याट्री सकिएको छ की, स्क्रीन प्रस्टसँग डिस्प्ले हुन्छ हुँदैन जाँच गर्ने।
3. 運転モード (सञ्चालन-मोड)लाई "冷房 (कूलिङ)" मा लैजाने, तापक्रमलाई सबैभन्दा न्यूनतममा सेट गर्ने र 30 मिनेट जति चल्न दिने।
4. तलको लक्षण देखिएमा बिग्रिएको हुनसक्छ। भाडामा बस्न आउँदा नै जडान गरी राखिएको एयर-कन्डिशनर हो भने, यस निगममा सम्पर्क गर्नुहोस्।

- चिसो हावा नआउने।
- कोठा भित्रको उपकरणबाट पानी चुहिने। (कोठा भित्रको उपकरणको सतह या हावा फाल्ने मुखमा पानीको कण देखिनु असामान्य होइन)
- लामो समय चलाउँदापनि कोठा बाहिरको ड्रेनेज-पाइपबाट पानी नझर्ने।
- असामान्य आवाज आउने।

*यहाँहरू आफैँले खरिद गरी जडान गर्नुभएको एयर-कन्डिशनरको मर्मत भने, यस निगमले सेवा दिन असमर्थ हुने भएकोले खरिद गर्नुभएको विक्रेता पसल, उत्पादक कम्पनीहरूलाई सोध्नु होस्।
*ट्राइ गरी हेर्ने विधि भने मोडेल अनुसार फरक हुनसक्छ। विस्तृत जानकारीको लागि "प्रयोग-निर्देशिका" हेर्नुहोस्।
*एयर-कन्डिशनरको फिल्टर सरसफाइको लागि "प्रयोग-निर्देशिका" हेर्दै आफैँले गर्नुहोस्।

अबबाट एयर-कन्डिशनर खरिद गर्ने योजनामा रहनु भएका महानुभाव समक्ष

एयर-कन्डिशनरको जडान भने यहाँहरूले गर्नुपर्ने छ। एयर-कन्डिशनर जडान गर्न यस निगममा आवेदन दिन पर्दैन तर, भवनको संरचना आदिको कारणले गर्दा जडान गर्न नमिल्ने पनि हुनसक्छ। साथै, एयर-कन्डिशनरको जडान गर्न घरायसी विद्युतीय उपकरण बिक्री पसलहरूलाई अनुरोध गरेमा, "एयर-कन्डिशनर विशेषको प्लग घुसाउने कन्सेन्ट" छैन भने जडान अस्वीकार गर्ने पनि गर्छन्।

"एयर-कन्डिशनर विशेषको प्लग घुसाउने कन्सेन्ट" जडान नगरिएको कोठामा, यस निगमको खर्चमा जडान गर्न सकिने (*) भएकोले, पृष्ठ 12 को "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)" को टेलिफोन नम्बर ②मा सम्पर्क गर्नुहोस्। एयर-कन्डिशनर जडान गर्न मिल्ने नमिल्ने लगायत यस निगमसँग आबद्ध निर्माण-पसलले निरीक्षण गर्न आउनेछ।

पुनश्च, कोठा बाहिर उपकरणहरू जडान गर्ने ठाउँ नभएको अवस्थामा, एयर-कन्डिशनर जडान गर्न मिल्दैन।

विस्तृतमा, यस निगमको वेबसाइट हेर्नुहोस्

*एयर-कन्डिशनर जडान गर्न मिल्ने ठाउँमा सीमित। 200V मा परिवर्तन गर्न भने यहाँहरूले वहन गर्नुपर्ने हुन्छ। 200V को एयर-कन्डिशनर जडान गर्न नमिल्ने आवास पनि रहेकोले ख्याल गर्नुहोला।

आवासीय अग्नि-नियन्त्रण यन्त्र प्रति गर्नुपर्ने व्यवहार बारेमा

- यहाँहरूको कोठामा, आवासीय अग्नि-नियन्त्रण यन्त्र राखिएको हुन्छ।
- कतै आगो सल्किई हाल्यो भने, उक्त जोहो गरिएको आवासीय अग्नि-नियन्त्रण यन्त्र प्रयोग गरी, प्रारम्भिक तहको आगो निभाउने कार्य गर्नुहोस्। प्रारम्भिक आगो निभाउने कार्यको परिधि, आगोको मुस्लो दलिन छुन नपुगेसम्म हो भन्ने गरिन्छ। खतरा महसुस भएमा, तत्काले सुरक्षित स्थानमा गएर, 119 नम्बरमा खबर गरी, अग्नि नियन्त्रकको निर्देशनको पालना गर्नुहोस्।
- आवासीय अग्नि-नियन्त्रण यन्त्रलाई तोकिएको ठाउँबाट नचलाई, अग्नि-नियन्त्रण यन्त्रमा राखिएको प्रयोग-निर्देशिका अनुसार प्रयोग, व्यवस्थापन, निरीक्षण गर्ने कार्य गर्नुहोस्।
- कुनै कुरा असामान्य लागेमा, पृष्ठ 12 “JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)” को टेलिफोन नम्बर ②मा सोधपुछ गर्नुहोस्।

अग्नि-नियन्त्रण यन्त्र बदल्ने बारे



आवासीय अग्नि-नियन्त्रण यन्त्रलाई लगभग 5 वर्षमा यस निगमले बदल्ने गरेको छ। ग्राहक अनुपस्थिति आदिले गर्दा बदल्न नसकिएको कोठाहरू छन् (अग्नि-नियन्त्रण यन्त्रमा प्रयोग गर्न मिल्ने अवधि सक्किने साल महिना उल्लेख गरिएको हुन्छ)। प्रयोग गर्न मिल्ने म्याद बित्यो भने प्रारम्भिक तहको आगो निभाउने कार्य उचित तवरले गर्न नसकिने सम्भावना हुने हुँदा, अग्नि-नियन्त्रण यन्त्र प्रतिस्थापन नभएको रहेछ भने,

➡ पृष्ठ 12 “JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)” को टेलिफोन नम्बर ②मा सम्पर्क गर्नुहोस्।

घरभाडाहरूको भुक्तानीका लागि सुविधाजनक बैङ्क ट्रान्सफर सेवा उपयोग गर्नुहोस्

बैङ्क ट्रान्सफरको लागि प्रक्रियागत विधि

❶ फाराम भर्ने

❷ बैङ्कमा पेस

❸ बैङ्कबाट सूचना प्राप्त

*बैङ्क ट्रान्सफर थालनी, महिनाको प्रारम्भतिर



❹ बैङ्क ट्रान्सफर सुरु

*उक्त महिनाको अंश, हरेक महिनाको 7 तारिखमा खाताबाट अटोमेटिक तानिने



*बैङ्क ट्रान्सफर निवेदनलाई खान्-रि जिमुस्यो (व्यवस्थापन कार्यालय) वा मादोगुचि सेन्ता (ग्राहक सेवा काउन्टर)मा हस्तान्तरण गर्नुहोस्।
हुलाकबाट पठाउने महानुभावले ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)मा सम्पर्क गर्नुहोस्।

उपयोग गर्न मिल्ने संस्था या तीनका प्रक्रियागत विधिहरू, टेलिफोन अथवा वेबसाइटबाट पनि यकिन गर्न सक्नु हुनेछ।

सोधपुछ ठेगाना पृष्ठ 12 “JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)” को टेलिफोन नम्बर ① मा

वेबसाइट एड्रेस https://www.to-kousya.or.jp/

⬅ QR कोड स्क्यान गर्यो भने बैङ्क ट्रान्सफर सम्बन्धी वेब-पेज खुल्छ।



आवेदन/ सूचना दाखिला सम्बन्धी जानकारी

बसाइ गरिरहेको समयमा आफ्नो पारिवारिक संरचनामा परिवर्तन आएमा, हाम्रो वेबसाइट चेक गरी आवश्यक प्रक्रिया चाल्नु हुन अनुरोध छ।

भाडावालको मृत्यु अथवा बाध्यतावश बसाइँ जानुपर्ने परिस्थितिहरूको कारणले, सह-बसोबासीको नाममा नामसारी गर्न चाहँदा	→	**नामसारी आवेदन**
गृह प्रवेश गर्दा सूचना दाखिला गरेको सह-बसोबासी बाहेक अन्य कोही नातेदारसँग सह-बसोबास गर्न चाहँदा	→	**सह-बसोबासको आवेदन**
जमानी बस्ने ग्यारेन्टर परिवर्तन (घरभाडा आदि ग्यारेन्टी प्रणालीको प्रयोग सहित) गर्न चाहँदा	→	**जमानी बस्ने ग्यारेन्टर परिवर्तनको आवेदन**
भाडावाल, सह-बसोबासी अथवा जमानी बस्ने ग्यारेन्टरहरूको सूचना दाखिला बुँदा या आकस्मिक सम्पर्क ठेगानामा परिवर्तन आउँदा	→	**दर्ता बुँदा परिवर्तनको सूचना दाखिला**
जन्म, मृत्यु अथवा बसाइँ जाने जस्ता कारणले सह-बसोबासीको संरचनामा परिवर्तन आउँदा	→	**परिवार सदस्य घटबढको सूचना दाखिला**

*हरेक आवेदन/ सूचना दाखिलाका लागि योग्यताको आवश्यकता पर्ने या सर्तहरू हुन्छन्। अग्रिम रूपमा ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)मा निश्चय गरी, आवश्यक प्रक्रिया चाल्नु हुन अनुरोध छ।

*कागजात पेस गर्दा, अनिवार्य रूपमा पेसकर्ताको परिचय जाँच गरिने भएकोले, कार्यालय आउँदा आफ्नो परिचय खुल्ने कागजात लिएर आउनुहोस्।

*आवेदन/ सूचना दाखिलाको कागजात सँगसँगै संलग्न गर्नुपर्ने अन्य कागजातहरू पेस गर्न आवश्यक पर्ने अवस्था हुनसक्छ, तर त्यस बेलामा आफ्नो व्यक्तिगत नम्बर (माइनम्बर) उल्लेख नभएको कागजात पेस गर्नुहोस्। (*बसोबास पत्र (ज्यूमिन ह्योउ)मा इच्छा गर्नुभएन भने व्यक्तिगत नम्बर उल्लेख गरिएको हुँदैन)

निम्न कागजातहरू वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ

- दर्ता बुँदा परिवर्तनको सूचना दाखिला
- परिवार सदस्य घटबढको सूचना दाखिला
- प्रमाणपत्र जारी एवम् सम्झौता पत्र पुनः जारीको आवेदन
- सह-बसोबासको आवेदन
- वयस्क व्यक्तिको अभिभावकत्व ग्रहण प्रणाली (सेइनेन कोउकेन सेइदो) आदि उपयोग गर्ने सूचना दाखिला

▲फाराम डाउनलोड



सार्वजनिक आवासमा बसोबास गर्ने ग्राहकहरूबाट धेरै सोधिने प्रक्रियाहरू सम्बन्धी प्रश्नहरूलाई, प्रश्न-उत्तरको ढाँचामा वेबसाइटमा लेखिएको !

"नामसारी आवेदन" को प्रवाह के-के हुन्छ बताइदिनुहोस्

घरभाडा रकमको प्रमाणपत्र अथवा घरभाडा सम्झौतापत्र जारी गरिदिन सक्नुहुन्छ?

▲प्राय सोधिने प्रश्नहरू

सोधपुछको लागि, पृष्ट 12 "JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)" को टेलिफोन नम्बर ①मा

कतै जोखिमयुक्त प्रयोग त गरिराख्नु भएको छैन?

यान्त्रिक पद्धतिको पार्किङ स्थल उपयोग बारे

दैनिक रूपमा उपयोग हुने यान्त्रिक पद्धतिको पार्किङ स्थलमा, गलत चलाइको कारण गम्भीर दुर्घटना निम्तिने खतरा हुन्छ।
पार्किङ स्थल भित्र हुने दुर्घटना रोक्नको लागि, निम्न बुँदाहरूमा ध्यान दिएर सुरक्षित रूपमा उपयोग गरौं !

□सवारी चालक बाहेक अरू कोही पार्किङ यन्त्र भित्र प्रवेश नगर्ने

मालसामान लोड-अनलोड गर्नुपर्दा, गलत रूपमा चलाइने वा चल्ने हुन सक्छ, तसर्थ अनिवार्य रूपमा पार्किङ यन्त्र बाहिर लोड-अनलोड गर्ने गर्नुहोस्।

सहयात्री चढ्ने/ ओर्लने कार्य, भित्रै थुनिने दुर्घटनाको कारक बन्न सक्ने भएकोले, अनिवार्य रूपमा पार्किङ यन्त्र बाहिर गर्ने गर्नुहोस्।

आफ्नो बालबालिका आदि सहयात्री भित्र नछुटेका कुरा अनिवार्य रूपमा चेक गर्नुहोस्।

□पार्किङ यन्त्र भित्र या वरपर अवरोध हुने वस्तु या मानिसहरू नभएको आफ्नै आँखाले निश्चय गर्ने

पहिलेदेखि नै सधैं आफ्ना बालबालिकालाई यान्त्रिक पार्किङ स्थलमा खेल्न नदिनुहोस्। अनिवार्य रूपमा पार्किङ यन्त्र भित्र या वरपर कोही मानिस नभएको निश्चय गरेर मात्र पार्किङ यन्त्र चलाउनुहोस्।

पार्किङ स्थलमा गाडी प्रवेश गराउँदा वा निकाल्दा, ह्वात्त अघि नबढाइ, वरपरको मानिसहरूको सुरक्षालाई ध्यानमा राखि बिस्तारै अघि बढ्नुहोस्।

□कन्ट्रोल-प्यानलको बटनलाई कुनै साधनहरूले थिचेर नचल्ने गरी नराख्ने

कन्ट्रोल-प्यानलको बटनलाई कुनै साधनहरूले थिचेर नचल्ने गरी नराख्नुहोस्।

धेरै जसो पार्किङ यन्त्रको कन्ट्रोल-प्यानलको बटन, सुरक्षाको निमित्त बटनबाट हात निकाल्नासाथ बन्द हुने बनाइएको हुन्छ। अन्य साधनहरूले थिचेर राख्यो भने सुरक्षा प्रकार्यले काम नगर्ने हुन्छ र, तत्काल रोक्न नमिल्ने भई, गम्भीर दुर्घटना निम्तिने खतरा हुन्छ।

⚠ **सावधान**

कन्ट्रोल-प्यानलबाट टाढा नभई सुरक्षा जाँच गर्दै चलाउनुहोस्। कुनै असामान्य अवस्था वा खतरा महसुस भएमा तुरुन्त उपकरण सञ्चालनलाई रोक्नुहोस्।
*चलाइरहेको बेलामा आफ्नो बालबालिकालाई उपकरणको नजिक आउन नदिन सावधानी अपनाउनुहोस्।

* पार्किङ स्थलमा टायर, गाडीका सरसामान र अन्य व्यक्तिगत सामानहरू नराख्नु हुन अनुरोध छ।

साझा प्यासेज/ सिँढी/ बल्कोनीको प्रयोग विधि बारे

1 साझा प्यासेज, सिँढीमा सामान राख्ने काम नगरौँ

साझा प्यासेज या सिँढीमा मालसामान या साइकल आदि राख्यो भने, दैनिक रूपमा आवतजावत गर्दा बाधा हुने मात्र नभएर, आगलागीहरूमा भाग्दा अवरोध सिर्जना हुन्छ।

2 अग्नि प्रतिरोधक ढोका खोल्न/ बन्द गर्न अवरोध हुने कुनै पनि सामान राख्न हुँदैन

अग्नि प्रतिरोधक ढोकाको अगाडि सामान राख्यो भने, अग्नि प्रतिरोधक ढोकाले काम गर्न नसकी, आगो फैलन सहयोग पुग्ने भएकोले, कुनै पनि हालतमा सामान नराख्नुहोस्। अग्नि प्रतिरोधक ढोका अगाडि सामानहरू राख्नु भएको छ भने, अन्यत्र थन्काउनुहोस्।

3 पार्टिशन-बोर्डहरूको वरपर सामानहरू राख्ने कार्य नगरौँ।

बल्कोनीमा भएको पार्टिशन-बोर्ड या तल झर्ने इस्केप-ह्याच भनेको, आगलागीहरू हुँदा निस्कने द्वार स्वरूप जडान गरिएको हो। त्यस्तो ठाउँ वरपर अवरोध हुने खालको सामानहरू भयो भने भाग्न बाधा पर्ने भएकोले, कुनै सामान राख्ने कार्य नगरौँ।

4 बल्कोनीमा ओढ्ने ओछ्याउने या धोएका लुगाहरू सुकाउँदा झर्न सक्ने भएकोले ख्याल गरौँ

ओढ्ने ओछ्याउने या धोएका लुगाहरूलाई बल्कोनीको भित्री भागमा सुकाइ, हावाले नउडाउने गरी राम्ररी च्याप्नुहोस्।
साथै, बल्कोनीको रेलिङ माथि सामान राख्ने, बल्कोनीको रेलिङ माथि सामान झुन्ड्याउने गर्दा, झर्ने खतरा हुने भएकोले कदापि नगर्नुहोला।

5 बल्कोनीमा धूम्रपान गर्ने काम नगर्ने नगर्नुहोस्।

बल्कोनी या साझा प्यासेज, सिँढीमा धूम्रपान गर्दा, गन्ध या धुवाँ फैलिएर छरछिमेकलाई असुविधा हुने या धुवाँ तान्न लगाइने हुनसक्छ।
साथै, चुरोटको ठुटो ननिभेर धुएको लुगाहरू या ओढ्ने ओछ्याउनेहरूमा आगो सल्किने सम्भावना हुने भएर, अत्यन्त खतरनाक हुन्छ।

6 बल्कोनीको सरसफाइमा सहयोग गर्नुहुनु अनुरोध छ

बल्कोनी भित्रको दैनिक सरसफाइ गर्ने कार्य, बसोबास गर्नुहुने महानुभावले गर्नुपर्ने परिधि भित्र पर्छ। पानी निकासा हुने मुखको प्लेट-जालीमा हिलो, फोहर अथवा चराको विष्ठाहरू जम्मा भएर बस्यो भने, वर्षाको पानी जमेर तल्लो तलामा पानी चुहिने कारक बन्ने भएकोले, टाइम-टाइममा सरसफाइ गर्नुहुन अनुरोध छ।
साथै, बल्कोनीको भुइँ पूर्ण रूपमा वाटरप्रूफ गरिएको नहुने हुनाले पानी बगाउने जस्ता कार्य नगर्नु हुन अनुरोध छ।

JKK東京の入居サポートについてご親族、ご友人等にご紹介ください

JKK東京では、①親族の近くでの生活＝「近居」をご希望するお客様に優先的にお部屋の紹介をする登録制度、②ご結婚予定、パートナー関係になるおふたりは募集開始から7日間優先的にお申込みいただける制度がございます。
ご親族、ご友人の方にご紹介いただけると幸いです。

お互いに見守り、ふれあい、助け合える

近居で あんしん 登録制度

詳しくはホームページへ

近居であんしん登録制度とは？

育児に奮闘中の子世帯を手助けしたい。孫の成長を近くで見たい。介護のために両親の近くに引越したいなど…親族の近くでの生活＝「近居」をご希望するお客様に優先的にお部屋の紹介をする登録制度です。

対象

「親族条件」及び「世帯条件」の両方を満たすお客様

- ●親族条件 … 希望する住宅の同一区市、またはおおむね半径5km以内に3親等内の親族世帯が居住していること
- ●世帯条件 … ご登録世帯または親族世帯が「子育て世代」「高齢者世帯」「障がい者世帯」のいずれかに該当すること

対象住宅

親族世帯の住まいと同一区市またはおおむね半径5km以内にあるJKK住宅

※ただし、一部住宅を除く



結婚予定者 優先申込制度

詳しくはホームページへ

結婚予定者優先申込制度とは？

募集開始から7日間優先的にお申込みいただけます。

対象

「ご結婚予定のおふたり」または「パートナー関係になるおふたり」

ご入居する全員が40歳未満に限ります ※お申込み時

対象住宅

駅から徒歩10分程度の住宅のうち、公社が指定する住戸

［公社住宅募集センター］ 営業時間 9:30~18:00（日・祝日定休）

03-3409-2244（代）

ひとと、くらしをあったかく。
JKK東京

JKK द्वारा प्रेषित सूचना “जोइ-लिभ” को विदेशी भाषा संस्करणलाई इन्टरनेटमा हेर्न सकिन्छ

JKK द्वारा प्रेषित सूचना “जोइ-लिभ” को विदेशी भाषा संस्करणलाई वेबसाइटमा हेर्न सकिन्छ।
“जोइ-लिभ” लाई 4 थरी भाषामा अनुवाद गरिएको छ।

●अङ्ग्रेजी ●चिनियाँ ●दक्षिण कोरियाली ●नेपाली भाषा

You can view the publicity magazine JoyLiV English edition from the JKK website.
宣传册“JoyLiV”的中文版可在JKK官网查阅。
홍보지 “JoyLiV”의한국어판을 JKK의 홈페이지에서 열람할 수가 있습니다.
सार्वजनिक सूचना पत्रिका “JoyLiV” को नेपाली भाषा संस्करणलाई JKKको वेबसाइटबाट हेर्न सकिन्छ।

“JKK टोकियो ओक्याकुसामा सेन्ता (ग्राहक केन्द्र)” को टेलिफोन नम्बर

★काउन्टरमा काम हुने महानुभावले पनि कृपया यो नम्बर प्रयोग गर्नुहोस्।

खुल्ने समय: बिहान 9 बजेदेखि बेलुकी 6 बजेसम्म (शनि / आइत / सार्वजनिक बिदा / वर्षान्त तथा नयाँ वर्षका बिदाहरूमा बाहेक)

①सबै प्रकारको प्रक्रिया, घरभाडा भुक्तानी, आवास सम्बन्धी परामर्श

●नेभिगेसन डायलिङ

0570-03-0031

●नेभिगेसन डायलिङ कल प्रयोग गर्न नमिल्ने महानुभाव, मोबाइल फोनको निःशुल्क कलको हिस्सा वा छुट सेवा प्रयोग गर्नुहुने महानुभावहरू

☎03-6279-2962

②रिफर्मको आवेदन, सोधपुछ

पानी चुहिने जस्ता समयमा आकस्मिक रिफर्म, दुर्घटना वा आगलागी, बसोबासीको आरामबिराम सम्बन्धी आकस्मिक सम्पर्कको लागि **24 सै घण्टा 365 दिनै सेवा उपलब्ध**

●नेभिगेसन डायलिङ

0570-03-0032

●नेभिगेसन डायलिङ कल प्रयोग गर्न नमिल्ने महानुभाव, मोबाइल फोनको निःशुल्क कलको हिस्सा वा छुट सेवा प्रयोग गर्नुहुने महानुभावहरू

☎03-6279-2963

नेभिगेसन डायलिङमा मोबाइल फोनबाट सम्पर्क गर्दा, कुनैपनि टेलिफोन कम्पनीको निःशुल्क कलको हिस्सा वा छुट सेवा लागु हुने छैन।

*__सोमवार एवम् बिदाको भोलिपल्ट बिहान 9 बजेदेखि 10 बजेसम्म भने टेलिफोन लाइन व्यस्त भएर सम्पर्क गर्न कठिन हुने हुनसक्छ।__ हतार नभएका महानुभावले अन्य टाइममा सम्पर्क गर्नुहोला।

प्रक्रियाहरू सम्बन्धी प्राय सोधिने प्रश्नहरूका लागि यता ▶